# सुरक्षित यौन सम्पर्कको अभ्यास

STIs/AIDS रोकथामको सबैभन्दा प्रभावकारी तरिका भनेको सुरक्षित यौन सम्पर्कको अभ्यास हो । यसको अर्थ सधैँ सङ्क्रमण नभएको जीवन साथीसँग मात्रै यौन सम्बन्ध राख्नुहोस् वा हरेक सम्भोगको लागि सही रुपमा कन्डमको प्रयोग गर्नुहोस् ।

## कन्डमको उचित प्रयोगः




- **नयाँ,** राम्रो–गुणस्तरको कन्डम प्रयोग गर्नुहोस् र प्रयोग गर्नु अघि हरेक समय समाप्ति मिति चेक गर्नुहोस् ।



- तपाईंको जीवनसाथिको भित्र प्रवेश गर्नु अघि कन्डम लगाउनुहोस् ।



- हावा बाहिर निकाल्नको लागि कन्डमको टुप्पोमा सावधानीपूर्वक समाात्नुहोस् । जब तपाईंले स्खलन गर्नुहुन्छ यसले वीर्यको लागि केही ठाउँ राख्दछ ।



- कन्डमको टुप्पोमा समाति राख्नुहोस्, गुप्ताङ्गको रौँसम्म पुग्ने गरि त्यसलाई खोल्नुहोस् ।



- स्खलनपछि तुरुन्तै कन्डमको माथिल्लो भागमा समात्नुहोस् र लिङ्ग ठाडो हुँदै बाहिर निकाल्नुहोस् ।

AIDS हटलाइन वेबसाइटः www.27802211.com

PA/AO/19-21(O)/DRU-INF

# आफैलाई माया गर्नुहोस्

## एचआईभी (HIV) सङ्क्रमण रोक्नुहोस्

## हानि न्यूनीकरण

र

## सुरक्षित यौन सम्पर्कको अभ्यास गर्नुहोस्

Harm Reduction

尼泊爾文
Nepali

# हानि न्युनीकरण रणनीतिका चार सूत्रहरु

हानि न्यूनीकरणका चारवटा सूत्रहरुको पालना गरेर, लागु औसध (औसधि) को प्रयोगकर्ताहरुले लागू दुर्वेसनीको कारणले हुने हानि कम गर्न सक्दछन् ।

## सूत्र 1

### मेथाडोन (Methadone) ले गर्दछ

लागु औसध (औसधि) प्रयोग बन्द गर्नुहोस् र यसको सट्टामा मेथाडोन प्रयोग गर्नुहोस् ।

**हानि न्यूनीकरण हटलाइन:**
**(852) 2112 9977**

**मेथाडोन हटलाइन:**
**(852) 2835 1831**



## सूत्र 2

### सुईको बानी टुटाउनुहोस् ।

जब लागू औसध (औसधि) प्रयोग गर्नै पर्ने हुन्छ, सुई नलगाउनुहोस् ।



## सूत्र 3

### सुईलाई साझा नगर्नुहोस्

यदि सुई लगाउनै पर्ने भएमा, सुई साझा नगर्नुहोस् र प्रत्येक समय डिस्पोजेबल (फ्याक्न मिल्ने) सुईको प्रयोग गर्नुहोस् ।



## सूत्र 4

### सुई र सिरिन्जहरुलाई किटाणुरहित बनाउनुहोस्

यदि सुई र सिरिन्जहरु पुनःप्रयोग वा साझा गर्नै पर्ने भएमा, तिनीहरुलाई पहिले राम्रोसँग किटाणुरहित बनाउनुपर्छ । विधिः सिरिन्जलाई घरेलु ब्लीचले ले भर्नुहोस् र त्यसलाई 30 सेकेन्डसम्म हल्लाउनुहोस् त्यसपछि बाहिर फ्याल्नुहोस् र फेरि एक पटक दोहोर्‍याउनुहोस् । त्यसपछि,, दुई पटक पखाल्नको लागि सफा पानीको प्रयोग गर्नुहोस् । तर यो कुरामा ध्यान दिनुहोस् कि डिस्पोजेबल सिरिन्ज र सुईहरु पुनःप्रयोग गर्ने उद्देश्यको लागि हुँदैन र राम्रोसँग किटाणुरहित बनाउन एकदम गाह्रो हुन्छ, त्यसैले सुई र सिरिन्जहरु पुनःप्रयोग वा साझा नगर्नु नै राम्रो हुन्छ ।

